लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित
जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY
www.erupse.com साप्ताहिक

"होटल जोमसोम प्राइड"
जोमसोम मुस्ताङ,०६९-४४००८३,९८४७८३१३६
मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारिक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

वर्ष ७, अंक २३ २०८२ पुस १८ गते शुक्रबार (Friday 02 January 2025) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

# स्वरोजगार बनायो सोताको वनभोज स्थलले

**अमृत बास्कुने**

बेनी नगरपालिका ४ सिंगाको ओसेपीलो बस्ती हो सोता । छिटो घाम अस्ताउने थोरै घरधुरी भएको ठाउँ । १८ घरधुरी मात्रै रहेको उक्त गाउँमा १७ घर मगर, एक घर क्षेत्री र एक घर थकालीको बसोबास रहेको छ । त्यही बस्तीको पुछारमा रहेको म्याग्दी नदि किनारको ठुलो बगर अहिले व्यवस्थीत पिकनिक स्पटका रुपमा सबैको आकर्षण बन्ने गरेको छ । स्थानीय सोता आमा समूह र क्लबले सामुदायिक तबरले गरेको व्यवस्थापनमा सबैको बढ्दो आकर्षण रहेको छ सोता ।




म्याग्दीको बेनी नगरपालिका-४ सोतामा रहेको पिकनिक स्पट पछिल्लो समय आन्तरिक पर्यटकको मुख्य रोजाइको केन्द्र बन्दै गएको छ । स्थानीय सोता आमा समूह र युवा क्लबको सक्रिय व्यवस्थापनमा सञ्चालित उक्त स्थल प्राकृतिक सौन्दर्यसँगै आवश्यक पूर्वाधारका कारण पनि लोकप्रिय बन्दै गएको हो ।

पिकनिक स्पटमा सोता आमा समूहले निर्माण गरेको सुविधासम्पन्न भवन, भवन नजिकै आकर्षणको रुपमा रहेको मन्दिर, व्यवस्थित दुई वटा ट्वाइलेट र दुई वटा खानेपानीका धारा रहेका छन् । पिकनिक मनाउन आउने समूहका लागि यी सुविधा पर्याप्त र सहज भएको लिटिल गार्डेन एकेडेमीबाट पिकनिकका लागि सोता पुग्नुभएका दिपक सुवेदीले सुनाउनुभयो ।

आमा समूहको उक्त भवन वि.सं. २०७६ तिर निर्माण गरिएको हो क्लबका सदस्य भीमबहादुर आले मगरको भनाई छ । तत्कालीन वडा अध्यक्ष गोविन्द पौडेलको नेतृत्वमा रहेको वडा मार्फत ४ लाख रूपैयाँ बजेट व्यवस्थापन गरेको आलेको भनाइ छ । उपभोक्ता समितिले कर कटाएर ३ लाख ७४ हजार रूपैयाँ प्राप्त गरे पनि स्टिमेट भन्दा बढी काम गरिएको पिकनिक स्थल व्यवस्थापन तथा क्लब सदस्य भीमबहादुर आलेले जानकारी दिनुभयो ।

पिकनिकका क्रममा आवश्यक पर्ने भाँडाकुडा, ग्यास चुलो, साउण्ड सिस्टम लगायतका सामग्रीको व्यवस्था पनि गरिँदै आएको छ । साथै दाउराको आवश्यकता परेमा प्रतिभारी ५ सयदेखि ७ सय रूपैयाँका दरले उपलब्ध गराइने सोता आमा समूहकी अध्यक्ष गंगादेवी रोका मगरको भनाइ छ ।

पिकनिकका लागि आवश्यक पर्ने भान्सेको व्यवस्थासमेत आमा समूह र क्लबले नै गरिदिने गरेको क्लबका सदस्य तथा पिकनिक स्थल व्यवस्थापक आलेको भनाइ छ । सामूहिक व्यवस्थापन गर्दा स्थानीयले रोजगारी पाउने र आमा समूह तथा क्लबलाई पनि केही आर्थिक लाभ हुने युवा क्लबका अध्यक्ष बलबहादुर रोका मगरले बताउनुभयो । पिकनिक मनाउन आउनेहरूका लागि आवश्यक पर्ने भाँडा माझ्ने तथा सरसफाइ गर्ने तथा भान्से(कुक)का लागि समेत स्थानीयले नै मौका पाउने हुँदा आम्दानी पनि हुने अध्यक्ष रोकाको भनाइ छ ।

सोतामा पिकनिकका लागि आउनेहरूलाइ एक दिनको ७ हजार रूपैयाँ शुल्क तोकिएको छ । उक्त शुल्क तिरेपछि ग्यास, चुलो, पानी, बिजुली र साउण्ड सिस्टमको सुविधा समेटिन्छ । सरसफाइ तथा भाँडा माझ्ने काम भने पिकनिक समूह आफैंले गर्नुपर्ने व्यवस्था छ । तर आवश्यकता अनुसार व्यवस्थापनका लागि अनुरोध गरेमा जनशक्तिको व्यवस्थापन पनि क्लबले नै गरिदिने गरिएको छ ।

यस वर्ष हालसम्म १५ वटा समूहले पिकनिक मनाइसकेका छन् । विगतका वर्षहरुमा भने हिउँदभरमा ३० देखि ५० समूहसम्म पिकनिकका लागि आउने गरेको अनुभव रहेको उहाँले बताउनुभयो । सोता क्षेत्रमा

बाँकी पाँचौं पृष्ठमा

प्रो.पुर्ण गौचन
९८५७६३०२७८
होटल हिलभ्यू, थकाली भान्साघर
पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९
पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

नेशनल ड्रग सेन्टर
पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा
अस्पताल चोक, बेनीमा
प्रत्येक बिजोर महिनाको तेस्रो शनिबार
- टाउको दुखीरहने
- निद्रा नलाग्ने
- डर लाग्ने, मन आत्तिने
- धेरै शंका लाग्ने
- कानमा आवाज आइरहने
- कमजोरी महसुस भइराख्ने
- पसिना धेरै आउने
- निराश हुने, जिद्दीपना
- नकारात्मक सोच आउने
- एक्लै बस्ने, कुरा गर्ने
- बेहोसी तथा छारे रोग
- मुटु छिटो ढुकढुक हुने
- शरीर तथा हातखुट्टा पोल्ने
- रक्सी तथा अन्य कुलत छुटाउने
लगायत समस्या समाधानका लागि



प्रोफेसर डा. जय बहादुर खत्री
एम.बी.बी.एस., एम.डी. (त्रि.वि. शिक्षण अस्पताल, काठमाडौं)
SENIOR CONSULTANT NEURO PSYCHIATRIST
वरिष्ठ नशा तथा मनोरोग विशेषज्ञ
NMC No. 2782
२०८२ पौष १९ शनिबार
९८५७६२४३५३-शम्भुराज पाण्डे,
९८६७६२९४२४-अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८
- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा

सम्पादकीय

# सुन्तलाको मिठास र तीतोपन

म्याग्दीको बेनी नगरपालिका-४ बास्कुना क्षेत्र व्यावसायिक सुन्तला खेतीका कारण आर्थिक रुपमा चलायमान बन्दै गएको छ । एउटै टोलबाट झण्डै डेढ करोड रुपैयाँ बराबरको सुन्तला कारोबार हुनु सामान्य उपलब्धि होइन । कृषकको मेहनत, लगानी र धैर्यले सम्भव बनेको यो सफलताको पछाडि अर्को पाटो पनि छ । बजारसम्म फलफूल पुर्‍याउँदा भोग्नुपर्ने जोखिम, लागत र अनिश्चितता । यसै यथार्थको प्रतिनिधि पात्र हुन् ठेकेदार राज तामाङ । २० जनाभन्दा बढी मजदुरसहित बगानमै पुगेर सुन्तला टिप्ने, ग्रेडिङ गर्ने, क्रेटमा मिलाउने र काठमाडौं, चितवन, पोखरा जस्ता सहरमा पुर्‍याउने काम सजिलो छैन । एक गाडी सुन्तला बजारसम्म पुर्‍याउँदा ७० हजारदेखि एक लाख रुपैयाँसम्म खर्च लाग्नु, तौल घट्नु, भण्डारणको समस्या र तत्काल बिक्री गर्नुपर्ने बाध्यताले व्यापारीलाई समेत ठूलो जोखिममा पार्छ ।

कृषकले बोटमै मूल्य पाउने प्रणालीले उनीहरूलाई राहत दिएको छ । उत्पादन संकलन, मजदुर व्यवस्थापन र ढुवानीको झन्झट नपर्नु कृषकका लागि सकारात्मक पक्ष हो । यही कारण बास्कुनामा सुन्तला खेतीप्रति आकर्षण बढेको छ र शेरबहादुर केसी, नरबहादुर खत्री, सन्दीप खत्री, देउबहादुर हुमेनलगायत कृषकले लाखौं रुपैयाँको कारोबार गर्न सफल भएका छन् । तर बजार संरचना अझै सन्तुलित छैन । कृषकले बढी मूल्य पाउन चाहनु स्वाभाविक हो भने व्यापारीले लगानी अनुसार नाफा खोज्नु पनि जायज अपेक्षा हो । समस्या त्यतिबेला देखिन्छ, जब बजारसम्म पुग्दा लाग्ने वास्तविक लागत, नोक्सानी र जोखिमको हिसाब नबुझी व्यापारीलाई मात्रै दोषी ठहरिन्छ । एक केजी सुन्तला कृषकबाट खरिद गरेर उपभोक्तासम्म पुर्‍याउँदा ४०-५० रुपैयाँ खर्च लाग्नु सामान्य तथ्य हो, जुन बहसमा प्रायः ओझेलमा पर्छ ।

यस क्षेत्रको अनुभवले देखाउँछ–फलफूल बजारमा मूल्य स्थायित्व, भण्डारण पूर्वाधार, सहुलियतपूर्ण ढुवानी र किसान–व्यापारीबीच पारदर्शी सम्झौताको खाँचो छ । शीतभण्डार, प्रशोधन उद्योग र सहकारीमार्फत प्रत्यक्ष बजार पहुँच विस्तार गर्न सके कृषक र व्यापारी दुवै लाभान्वित हुन सक्छन् । बास्कुनाको सुन्तलाले गाउँमा आर्थिक मिठास त फैलाएको छ, तर त्यो मिठास दीगो बनाउन राज्य, स्थानीय तह र निजी क्षेत्रबीच समन्वय अपरिहार्य छ । नत्र, सुन्तलाको स्वाद उपभोक्तासम्म पुग्दा–पुग्दै कतै तीतो नबनोस् भन्ने चिन्ता कायमै रहनेछ ।

# विकल्पको आवरणमा सत्ताको सौदा
## आशाको त्रिकोण कि असफलताको नयाँ प्रयोग?

वर्तमान अवस्था हेर्ने हो भने नेपालको राजनीति आज एउटा खतरनाक संक्रमणकालमा छ । अहिले नयाँ पुस्ताका नाउँमा भएका पुराना दलप्रतिको वितृष्णा यति गहिरो भइसकेको छ कि "पुरानो होइन" भन्नु मात्रै पनि राजनीतिक योग्यता जस्तो देखिन थालेको छ । यही मनोविज्ञानको फाइदा उठाएर उदाएका तीन पात्र बालेन साह, रवि लामिछाने र कुलमान घिसिङ आज "विकल्प" का रुपमा प्रस्तुत भइरहेका छन् । तर विकल्पको दाबी जति ठूलो छ, त्यसलाई परीक्षण गर्ने मापदण्ड पनि त्यत्तिकै कठोर हुनुपर्छ । यही मापदण्डको कसीमा राखेर हेर्दा यी तीन पात्रबीचको भनिएको समझदारी आशा भन्दा बढी आशंकाको कारण बन्छ । सबै पात्रहरूमा देखिएको विवादीत छविले गर्दा नै अहिले सबैले आशंका गर्ने ठाउँ पाएका हुन् । राजनीति मात्रै नभएर अन्य हरेकजसो स्थानमा "विकल्प" शब्दको दुरूपयोग नै भएको छ । विकल्प भन्नु भनेको केवल पुराना अनुहारलाई गाली गर्नु होइन भन्ने हेक्का सबैले राखेरै अगाडी बढ्नु पर्छ । विकल्प भन्नु भनेको नयाँ राजनीतिक संस्कार, कानुनी अनुशासन र संस्थागत जवाफदेहिता पनि हो । तर बालेन, रवि र कुलमानको संयुक्त भाष्यमा विकल्पको स्पष्ट परिभाषा कहिँ कतै देखिँदैन । विकल्पलाई भावनात्मक नारामा मात्रै सीमित गरिँदा, त्यो राजनीतिक उत्पादन होइन मार्केटिङ बन्छ र हाल सम्मको अवस्था हेर्दा त्यस्तै देखिएका पनि छ ।

यथार्थ धरातलबाट उभिएर हेर्ने हो भने रवि लामिछानेको उदयः आक्रोशबाट सत्ता यात्रासम्म मान्न सकिन्छ । रवि लामिछाने जनआक्रोशका मुख्य प्रतिनिधि हुन् । उनले मिडियामार्फत राज्य संयन्त्रलाई चुनौती दिए, जसले आम मानिसलाई क्षणिक सन्तोष दियो । तर समस्या त्यहीँबाट सुरू हुन्छ, जहाँ आक्रोशले नीति र विवेकलाई विस्थापित गर्छ । आक्रोश सत्ता पाउने साधन हुन सक्छ, तर सत्ता चलाउने साधन कहिल्यै हुँदैन । यस्तो अवस्था आउँदा कसैले पनि राम्रो भएको महशुष गर्न पाउँदैन र त्यस्तो हुने कुनै सम्भावना पनि साहेदै देखिएला ।

रबि लामिछानेले जान्नेलाई छान्ने भन्ने नारा उनको नागरिकता प्रकरण सँग जोडीन्छ र त्यसलाई हामी कानुन नबुझ्ने कि नमान्ने? भनेर अन्यौलता तर्फ पनि पुग्न सक्छौं ।

नेपाली नागरिकता त्यागेर अमेरिकी नागरिकता लिनु व्यक्तिगत निर्णय हुन सक्छ । तर त्यागिसकेपछि पनि वैधानिक प्रक्रिया पुरा नगरी नेपाली नागरिकसरह राजनीतिक अधिकार प्रयोग गर्नु संविधानसँग ठोक्किने विषय हो । सर्वोच्च अदालतको हस्तक्षेपले यो विषय व्यक्तिगत भुल होइन, गम्भीर संवैधानिक लापरवाही भएको संकेत गर्छ । राज्यको कानुन जान्दीन र बुझ्दीन भन्न नपाइने नै प्रावधान हुन्छ । अनि विदेशमा पुगेर बिदेशी काजगजात बनाए पछि स्वदेशका त्याग्नु पर्ने चिज त्यागेको भए फरक पक्कै पनि पर्ने थिएन ।

रबिले गरेको यही गलत कामले गर्दा पुनः निर्वाचन र राज्यलाई परेको आर्थिक भार परेको पनि थियो । चितवन-२ मा भएको पुनः निर्वाचन केवल राजनीतिक घटना होइन, यो राज्य स्रोतको अपव्यय हो । करोडौं रूपैयाँ खर्च, प्रशासनिक संयन्त्रको दुरूपयोग, र जनतालाई फेरि मतदान केन्द्रमा धकेल्नु– यी सबैको नैतिक जिम्मेवारी कसले लिन्छ? विकल्पको नेता भनिने व्यक्तिबाट यस्तो भार पर्नु गम्भीर प्रश्न हो ।

रबि लामिछानेको पार्टी रास्वपाले "जान्नेलाई छान्ने" नारा र व्यवहारको विरोधाभासपूर्ण भएको मान्न सकिन्छ । रवि लामिछानेको सबैभन्दा चर्चित नारा थियो "जान्नेलाई छान्ने ।" तर जान्ने भनेको कानुन, प्रक्रिया र सीमाको ज्ञान पनि हो । यदि त्यही ज्ञानको अभावमा राज्यलाई यस्तो संकटमा धकेलियो भने, नारा केवल भाषणमै सीमित भएको प्रमाणित हुन्छ । उनले कत्तिको जानेका थिए भन्ने चितवन २ मा पुनः निर्वाचन हुन पर्ने अवस्था पनि हो । त्यागेकै नागरिकताका आधारमा काम गर्न हुदैन भनेर जान्नु पर्ने हो तर किन जानिएन?

रबि लामिछाने जोडिएको अर्को एक प्रसंग हो सहकारी प्रकरण । सहकारीमा धनीले होइन त्यहाँ त गरिबको बचत जम्मा भएको हुन्छ त्यसमा पनि उनले शक्तिको राजनीति गरेर दुरूपयोग गरेकै जस्तो पनि देखिएको अवस्था हो । गोर्खा मिडिया नेटवर्कसँग जोडिएको सहकारी प्रकरण अदालतमा विचाराधीन छ । अदालतले दोषी ठहर नगरेसम्म कसैलाई अपराधी भन्न मिल्दैन । तर सहकारी भनेको गरिब र मध्यम वर्गको जीवनभरको बचत हो । त्यस्तो संवेदनशील क्षेत्रसँग जोडिएको विवादमा राजनीतिज्ञले कानुनी होइन, नैतिक उच्चता पनि देखाउनुपर्छ । कानुनले सफाइ नदिदा सम्म उनी दोशी हुन सक्ने आधार मान्न सकिने भए पनि कानुनले फैसला नगरे सम्म उनी निर्दोष पनि हुन् । अदालतमा बिचारधिन रहेको मुद्दामा करिब ३ करोड बैंक ग्यारेन्टी बुझाएर कारागारबाट बाहिर निस्केका रबि कानुनी प्रक्रिया कि राजनीतिक सन्देश दिन खोजे त्यो समयले बताउँदै जानेछ ?

करिब ३ करोड रूपैयाँ बराबरको बैंक ग्यारेन्टी बुझाएर रिहा हुनु कानुनी प्रक्रिया हो । तर राजनीतिमा यसको सन्देश गहिरो हुन्छ । जनताले सोध्ने प्रश्न स्वाभाविक छ । यदि पूर्ण रुपमा निर्दोष भएको विश्वास छ भने, यस्तो ठूलो ग्यारेन्टी किन आवश्यक पर्यो ? बाहिर निस्कनकै लागि किन यति धेरै पैसा बुझाउन पर्ने भन्ने पनि प्रश्न आउँछ । भित्र बसेरै आफूलाई निर्दोष सावित गर्न सक्ने आधार नभेटेरै हो त? प्रश्न पनि छ तर पनि त्यती ठुलो रकम बुझाएर बाहिरीनु कहि कतै गडबड हो भन्ने प्रशस्त आधारहरू रहेको मान्न सकिन्छ ।



गएको स्थानीयतह निर्वाचनमा बालेन साहको जितलाई प्रतीकात्मक विद्रोहको रूपमा धेरैले हेरेकै हुन् । बालेन साहको जित पुराना दलहरुका लागि चेतावनी थियो । उनले देखाए कि जनताले विकल्प खोजिरहेका छन् । तर प्रतीकात्मक विद्रोह सत्ता प्राप्तिको माध्यम मात्र हो । सत्ता सञ्चालनको चरणमा प्रवेश गरेपछि प्रतीक होइन, परिणाम बोल्नुपर्छ । उनले सत्ता सम्हाल्न थाले पछि त्यो प्रकारको आशालाई निराशामा परिणत गर्नु सिवाय अरू केही पनि गर्न नसकेको यथार्थ सबैमाझ छर्लङ्ग छ नै ।

काठमाडौं महानगरले १४ प्रतिशत विकास बजेट मात्रै खर्च गर्नुलाई पनि एक प्रकारको असफलताको आँकडा मान्न सकिन्छ । काठमाडौं महानगरको विकास बजेट करिब १४ प्रतिशत मात्र खर्च हुनु कुनै राजनीतिक

बाँकी पाँचौं पृष्ठमा

# विद्यार्थीको सिकाई उपलब्धी कसरी बढाउने ?

**सकुन्तला सापकोटा**

विद्यार्थीको सिकाइ उपलब्धी कसरी बढाउने भन्नु भन्दा पहिला सिकाइ भनेको के भन्ने चर्चा गर्न जरूरी हुन्छ । सिकाइ उपलब्धी भनेको विद्यार्थीले कक्षामा सिकेका ज्ञान, सीप, व्यवहार र मूल्य-मान्यतामा आएको ठोस र मापनयोग्य प्रगति हो । सरल भाषामा भन्नुपर्दा, विद्यार्थीले के-के सिक्यो, कति बुझ्यो र त्यो ज्ञान व्यवहारमा प्रयोग गर्न सक्छ कि सक्दैन भन्ने कुरा नै सिकाइ उपलब्धी हो । विद्यार्थीको सिकाइ उपलब्धी केवल अंकमा सीमित हुँदैन । ज्ञान, सीप, व्यवहार र जीवन उपयोगी क्षमताको समग्र विकास नै वास्तविक सिकाइ उपलब्धी हो । शिक्षक, अभिभावक र विद्यालयको संयुक्त प्रयासबाट मात्र विद्यार्थीको सिकाइ उपलब्धी दिगो रुपमा बढाउन सकिन्छ । विद्यार्थीको सिकाइ क्षमता बढाउने धेरैले धेरै उपायहरू गर्न सकिन्छ । त्यस मध्ये विद्यालय र शिक्षक पहिलो अर्थात् अग्रपंक्तिमा आउछन् ।

त्यसैले हामी यहाँ विद्यार्थीको सिकाई क्षमता उकास्नको लागि शिक्षकले के गर्न सक्छन् भन्ने सन्दर्भमा चर्चा गर्ने प्रयास गर्दछौं । शिक्षकले विद्यार्थीको सिकाइ क्षमता बढाउनका लागि निम्न कार्य गर्नु पर्ने हुन्छ ।

१) विद्यार्थी केन्द्रित विधि अपनाउने

बिद्यार्थी केन्द्रित विधिमा बिद्यार्थी आफैं सक्रिय हुने हुँदा यस विधिबाट सिकेका कुरा चिरस्थाई हुने हुन्छ । गरेर सिक्ने बानीको विकास हुन्छ । यस विधिमा परियोजना विधि, प्रयोगात्मक विधि, खोज विधि, र समस्या विधि पर्दछन् । विद्यार्थीहरूलाइ खेलको माध्यमबाट पनि सिकाईमा वृद्धि गर्न सकिन्छ । चित्र, भिडियोको प्रर्दशन गरेर विद्यार्थीले आफैं सिकाइ गर्नसक्छ । आफ्नै सक्रियातामा भएको सिकाइ दिर्घकालिन हुन्छ । यस्ता विधि अपनाएर शिक्षण गरेमा विद्यार्थीको सिकाइ क्षमता सहजरूपमा बढ्नेछ । अरूले गरेर देखाउनुका साथै उनीहरूलाइ पनि स्वयं सहभागिता गराएर काम गरेको खण्डमा त्यो सिकाइ दिगो हुन्छ ।

२) सकारात्मक र सुरक्षित वातावरण सिर्जना गर्ने

कक्षाकोठा मैत्रीपूर्ण र सम्मानजनक बनाउने । विद्यार्थीले आर्फलाई लागेका कुरा विना संकोच शिक्षकलाई भन्न सक्ने वातावरण तयार गर्नु पर्छ । उनीहरूले नजानेका प्रश्न सोध्न नडराउने वातावरण भयो भने सिकाइ क्षमता बढ्न सक्दैन । त्यसैले शिक्षकले विद्यार्थीहरू आर्फ सँग नडराइ बोल्न सक्ने वातावरण मिलाउन सक्नुपर्छ । शिक्षक र विद्यार्थीको बिचमा खुल्ला संवाद भएमा सिकाइ प्रभावकारी र दिर्घकालिन हुनुको साथै सिकाई क्षमता पनि सोचेको भन्दा बढी हुन जान्छ । शिक्षकले विद्यार्थीले गरेको गल्तीलाई पनि सिकाइको रुपमा लिन सक्नु पर्छ । त्यस्तो भएको खण्डमा जहिलेपनि सिकाइको भाग हो भन्ने तर्फ भन्दा पनि गल्तीलाई सुधारेर सिक्न सकिन्छ भन्ने संस्कृति बसाल्न सकेमा विद्यार्थीमा पनि सकारात्मक परिवर्तन आउँछ । यदी गल्ती भएमा पनि सुधारको मौका र सिकाइ दिने हो भने मैले ठुलो गल्ती गरे मलाइ शिक्षकले तथा साथीले के भन्लान भन्ने भावनाको विकास हुन पाउदैन । गल्तीबाट त हामीले सिकाइ गर्न सक्छौं भन्ने भावनाको विकास भइ सिकाइ क्षमता उकास्न मद्दत मिल्छ ।

३) नियमित प्रोसाहन र प्रतिक्रिया दिने

शिक्षकले बिद्यार्थीको प्रयासको जहिले पनि प्रशंसा गर्ने र सुधारका लागि स्पष्ट सुझाब दिने गर्नुपर्छ । प्रेरणा र उत्साह बढाउने गर्नुपर्दछ । विद्यार्थीको कुनैपनि कुरालाई सकारात्मक रूपबाट हेनुपर्छ र विद्यार्थी विद्यार्थीमा पनि सकारात्मक सोचको विकास गराउन सकेमा सिकाई क्षमता बढाउन समय लाग्दैन । राम्रो काममा प्रोत्साहन र नराम्रोमा दण्ड सजाय भन्ने पनि चलन हुन्छ तर नियतबस गरेको नराम्रो हा या अनजानमा भन्ने पनि थाहा पाउन जरूरी हुन्छ । त्यसैले हरेकमा दण्ड भन्दा पनि नियमित प्रोत्साहन र प्रतिकृयाले विद्यार्थीको सिकाइ क्षमतालाई बढाउछ भन्ने तर्फ पनि हाम्रो ध्यान जान जरूरी हुन्छ ।

४) समावेशी कक्षा वातावरण

शिक्षकले सबै विद्यार्थीलाई समान व्यवहार गनुपर्दछ । उनीहरूको सभागिता पनि समान गराउनुपर्छ । विद्यार्थी फरक फरक क्षमता, परिवेस, वातावरणबाट आएको हुन सक्छन् । तर पनि उनीहरूलाई तिमीलाई जति सिकाएपनि नजान्ने, तिमी त यस्तो वातावरणबाट आएको तिमीले यो बुझ्न गाह्रो छ जस्ता शब्दहरूको प्रयोग गर्नु हुँदैन । यस्तो भनेर विद्यार्थीको मनोबल घटाउने गर्नुहुदैन । शिक्षकले त व्यक्तिगत फरक क्षमता पत्ता लगाइ सबै विद्यार्थी एउटै गतिमा सिक्न सक्दैनन् कमजोर विद्यार्थीलाई थप समय र सहयोग गर्नुपर्छ र सक्षम विद्यार्थीलाई चुनौतीर्पूण काम दिएर शिक्षण गर्न सकेमा सबै विद्यार्थीको सिकाइ क्षमता समान हुने हुन्छ । सबैको पारिवारीक तथा अन्य वातावरण समान नहुने हुनाले सबैलाई ध्यान दिएर अगाडी बढ्नु नै शिक्षकमा हुने क्षमता पनि हो । विद्यार्थीको सिकाइ क्षमता बढाउनका लागि शिक्षकमा पनि विद्यार्थी पहिचान गर्ने क्षमता हुनु जरूरी हुन्छ ।

५) नियमित अभ्यास र पुनरावृत्ति

विद्यार्थीलाई कुनैपनि कार्यमा व्यस्त गराइ राख्नु पर्दछ । उनीहरूलाई जति व्यस्त राख्न सकिन्छ त्यति नै सिकाइ हुन्छ । सिकेका कुरालाई दोहोराउनु पर्दछ किन भने मानिसको स्वभाव नै हो धेरै दिन भएमा बिर्सिने । सिकाइलाई जति धेरै अभ्यास त्यति नै लामो समय सम्म सम्झन सकिन्छ । पटक पटकको अभ्यासले दिर्घकालिन सिकाइ हुने गर्दछ । अभ्यासलाई सानो सानो भागमा पढाउने र पढेका कुरा पटक पटक दोहोऱ्याउने गर्दा सिकाइ दिगो र प्रभावकारी भइ सिकाइ क्षमतामा वृद्धि हुन्छ । त्यसैले हामीले विद्यार्थीको सिकाइ क्षमता बढाउनका लागि नियमित अभ्यास र पुराना चिजलाई पुनः अभ्यास गर्ने बानि बसाल्नु पनि जरूरी छ ।

६) आत्म– प्रेरणा र लक्ष्य निर्धारण

विद्यार्थीलाई आफ्नो लक्ष्य के हो ? सानो लक्ष्य बनाउन लगाउने । आज मैले के सिके, कति सिके भन्ने कुरा बोध गर्न लगाउने । सिकेका कुरा टिपोट गर्न लगाउने र शिक्षकले विद्यार्थीको प्रगति देखाएर उनीहरूको आत्मविश्वास बढाउने । आर्फलाई अरूसँग तुलना गर्ने होइन बरू आफ्नै सिकाइ क्षमता सुधारमा ध्यान दिन लगाउन सकेमा सिकाइ क्षमता उकास्न सकिन्छ । कमजोरहरूलाई हेर्ने र चित्त बुझाउने अनि मजबुतलाइ हेरेर पछ्याउने पनि एक प्रकारको प्रेरणा हुन सक्छ । तर त्यो खालको लक्ष र प्रेरणा सबैमा लागु नहुन सक्छ तर पनि यसलाई सही तबरले प्रयोग गर्न सकियो भने उचित हुने पनि देखिन्छ ।

७) स्वास्थ्य र जीवनशैली

विद्यार्थीहरूले सिकाइ क्षमता बढाउन स्वास्थ्य र जीवनशैली अपनाउनु जरूरी छ । रोगी व्यक्तिले सिकाएका कुराराम्रोसँग सिक्न सक्दैन । व्यक्ति कुनैपनि कुरा सिक्न उ पहिला मानसिक रूपमा तयार हुनुपर्दछ । अनि शारिरीक रूपमा तयार हुनु पर्दछ तब मात्र सिकाइ हुन सक्दछ । स्वास्थ्य जीवन शैलीमा पर्याप्त निद्रा, पोषणयुक्त खाना, खेलहरूको सन्तुलित प्रयोग पर्दछन् । यी कुराहरूलाई संयोजन गर्न सकेमा व्यक्ति स्वस्थ्य हुने र स्वस्थ्य व्यक्तिलेमात्र सिकाइ राम्रो हुन्छ ।

८) अभिभावकको भुमिका

विद्यार्थीको सिकाइ क्षमता बढाउनमा अभिभावकको भुमिका पनि महत्वपूर्ण रहन्छ । अभिभावकले आफ्नो बालबालिकाले के गरिरहेको छ, कस्तो व्यवहार छ भनेर जान्ने र चासो लिने गर्नु पर्दछ । पढाइमा चासो देखाएको छ कि छैन् विचार गरी उनीहरूलाई सहयोग गर्नुपर्दछ । साथै उनीहरूलाइ पढाइमा कुनै बाधा नपर्ने क्रियाकलाप गर्नुपर्दछ । दवाब नदिइकन उनीहरूमा स्वत पढाइमा मन लाग्ने वातावरण तयार गरी सहयोग गर्ने, समय तालिका बनाउने र सधै प्रशंसा गर्न सकेमा सिकाइ क्षमता वृद्धि गर्न सकिन्छ । त्यसैले विद्यार्थी तथा बालबालिकाको सिकाइ क्षमता बढाउनका लागि शिक्षकको मात्रै नभएर अभिभावको भुमिकाले झन ठुलो महत्व राख्ने भएकोले अभिभावकले शिक्षक सँग समन्वय गरेरै वातावरण तयार गरेरमा बालबालिकाको सिकाइ क्षमतामा राम्रो परिवर्तन आउन सक्छ ।

# शैक्षिक क्षेत्रबाट स्वास्थ्य क्षेत्रमा डेक बहादुर

प्रादेशिक अस्पताल बेनीका नवनियुक्त व्यवस्थापन समितिको अध्यक्ष डेकबहादुर बानियाँले पदभार ग्रहण गर्नुभएको छ । शिक्षा क्षेत्रमा लामो अनुभव गर्नुभएका बानियाँले अस्पतालमा आयोजना गरिएको एक कार्यक्रममा जिल्ला समन्वय समिति म्याग्दीका कार्यवाहक प्रमुख डिलकुमारी खत्रीले नवनियुक्त अध्यक्ष बानियाँलाई पदभार गराउनुभएको थियो ।

पदभार ग्रहणमा बोल्दै जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख खत्रीले कर्मचारीहरू तथा व्यवस्थापन सबैको सहभागिता र सक्रियताले नै अस्पतालको उन्नती हुने बताउनुभयो । उहाँले भन्नुभयो धेरै प्रकारका समस्या सहित राम्रो हुने मानसिकता बोकेर आएका मानिसहरू हुन सक्छन्, चिकित्सक तथा डाक्टरहरूले गुनासो सुनुवाई गरिदिनु पर्दछ । अस्पतालको भवन अझै पनि र्पूणता पाएको छैन, करिब बेवारिस भन्न मिल्ने होला तर पनि धेरै काम भएको छ र अब चाँडै सबै सेवा नयाँ भवनबाट हुनेछन् भनेर अपेक्षा गर्न सकिने आशा व्यक्त गर्नुभयो ।

नव नियुक्त अध्यक्ष डेकबहादुर बानियाँले सबै काम गर्ने र गर्न चाहनेहरूको समुह नै व्यवस्थापन समितिमा हुने हुँदा अस्पतालबाट हुन पर्ने काम हुने कुरामा आर्फ विश्वस्त रहेको बताउनुभयो । उहाँले भन्नुभयो व्यवस्थापन समितिले उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग गरेर संस्थाको उद्देश्य हासिल गर्ने हो र त्यसमा हामी कटिबद्ध हुनेछौं । धेरै गर्ने भन्दा पनि अस्पतालले दिनु पर्ने र्न्यूनतम कम के हो त्यसलाई अधिकतम बनाउनका लागि सहजीकरण साथ प्रयास गर्ने प्रतिबद्धता जनाउनु भयो । स्थानीय, प्रदेश र संघिय सरकार सँग समन्वय र सहकार्य गरेर अगाडी बढ्ने छु ।

अस्पतालको आउटपुट आउने व्यवस्थापन भन्दा पनि अस्पतालको कर्मचारीको कारण नै हो । त्यसैले समग्र अस्पतालको सफलताका लागि सबै स्टाफहरूले आर्फलाई प्राप्त जिम्मेवारी पुरा गर्नु भयो भने अस्पतालको उन्नती र जनताले पाउनु पर्ने सुविधा पाउने नवनियुक्त अध्यक्ष बानियाँले बताउनुभो । प्लानिङ, अर्गनाइजीङ स्टाफीङ, कोर्डीनेसीङ, डाइरेक्टीङ जस्ता कार्यमा सबैले भुमिका खेलीयो भने नतिजा आउने गरी काम हुनेछ ।




नगरप्रमुख सुरत केसीले सर्वसाधारण सेवाग्राहीले अस्पतालमा आउँदा हुने बोली र व्यवहार प्रति प्रश्न उठाउने गरेको बताउनुभयो । उहाँले सर्वसाधारणहरू अस्पताल आउँदा झर्को लाग्ने गरी बोल्ने गरेको आरोप बिरामी तथा आफन्तहरूको गुनासो आउने गरेको हुँदा त्यसलाई सहजीकरण गरिनु पर्नेमा जोड दिनुभएको थियो ।

पदस्थापन कार्यक्रममा पूर्व अध्यक्ष ज्ञानेन्द्र सुवेदी, अस्पतालका निमित्त प्रमुख हेमन्त बाँस्तोला, अस्पतालका डाक्टर रामु सापकोटा, पत्रकार महासंघका अध्यक्ष हरिकृष्ण गौतमलगायतले बोल्नु भएको थियो ।

# डा. बिन्दु पराजुली काफ्ले स्मृति भवन निर्माण हुदै

बेनी नगरपालिका १० पाल्लेखेतमा जन्मीएकी डा.बिन्दु पराजुली काफ्लेको स्मृतीमा गलेश्वर शिवालय परिसरमा डा. बिन्दु पराजुली काफ्ले स्मृति भवन निर्माण शुरू भएको छ । डा. बिन्दु पराजुली काफ्ले स्मृति प्रतिष्ठानले एक करोड १७ लाख रूपियाँको लागतमा भवन निर्माण शुरू गरेको हो ।

सामाजिक तथा धार्मिक व्यक्तित्व राधाकृष्ण पराजुलीकी जेठी छोरी डा. बिन्दु पराजुली काफ्ले बेलायतमा रहँदा निधन भएको थियो । गलेश्वर क्षेत्रमै जन्मस्थान रहेकी बिन्दुको सम्झनामा उहाँका श्रीमान् डा. सुरेश काफ्लेले गलेश्वरमै अस्थि विसर्जन गरी स्मरणीय कार्य गर्ने उद्देश्यले भवन निर्माणका लागि अग्रसर भएको बताइएको छ ।

बिन्दुका दाजु तथा गलेश्वर शिवालय क्षेत्र विकास कोषका संरक्षक तथा बिन्दु पराजुली काफ्ले स्मृती प्रष्ठिानका सल्लाहकार रमेश शर्माले गलेश्वर क्षेत्रमै बहिनीको नाममा स्मृती भवन बनाउँदा राम्रो हुने चाहना अनुरूप भवन निर्माणलाई मुर्त रूप दिन लागेको जानकारी गराउनुभयो ।

भवन निर्माणका लागि आवश्यक आर्थिक व्यवस्थापनका साथै अन्य महत्वपर्ण निर्णयहरु प्रतिष्ठानका सल्लाहकार रमेश सुवेदीले गर्दै आएको स्मृति प्रतिष्ठानले जनाएको छ । पाल्लेखेत जन्मीएर गलेश्वर क्षेत्रमै हुर्केकी बिन्दुको सम्झनामै उहाँका श्रीमानले कुनै राम्रो काम गर्ने चाहना व्यक्त गर्नुभएको थियो र उहाँले अहिले भवन निर्माण थालेको पण्डित भीमनाथ पराजुलीले जानकारी दिनुभयो । उहाँका अनुसार भवन सामाजिक, धार्मिक तथा सांस्कृतिक गतिविधिका लागि प्रयोग गरिनेछ ।

बेनी नगरपालिका १० मा जन्मीनु भएकी बिन्दुको बिराटनगर बिबाह भएको थियो । गलेश्वर शिवालय क्षेत्रको विकास निर्माणमा उल्लेख्य योगदान गर्नु हुने राधाकृष्ण पराजुलीकी पुत्री भएको नाताले पनि गलेश्वरमै भवन निर्माणमा जुटेको गलेश्वर



शिवालय क्षेत्र विकास कोषले जनाएको छ । कोषका अनुसार साढे दुई तला निर्माण हुने उक्त भवनमा एट्यास बाथरूम सहित ७ कोठा रहने छन् ।

बिन्दु स्मृति भवन निर्माणको जिम्मा डिजाइन एण्ड बिल्ट मोडलमा एच.आर.बी एण्ड डेल्टा कन्स्ट्रक्सन कम्पनीले लिएको छ । निर्माण कार्यको निर्धारित समय एक वर्ष रहेको छ । समय अवधि एक वर्ष भएपनि अगाडिनै सम्पन्न गर्ने लक्ष्य राखिएको निर्माण कम्पनीको तर्फबाट अधिकार प्राप्त इन्जिनियिर कृष्ण रिजालले जानकारी दिनुभयो ।

गलेश्वरका मंल पुजारी चन्द्रमणि आचार्यका अनुसार जन्मभंमिसँग जोडिएको स्थानमा स्मरणीय संरचना निर्माण हुनु धार्मिक तथा सामाजिक दृष्टिले महत्वपंर्ण विषय हो । डा. बिन्दु पराजुली काफ्ले स्मृति भवन निर्माणले गलेश्वर क्षेत्रको धार्मिक, सामाजिक तथा शैक्षिक गतिविधिमा थप योगदान पुग्ने अपेक्षा गरिएको उहाँको भनाई छ ।

हार्दिक शुभकामना





नेपाल कम्युनिष्ट पार्टी(एमाले)को केन्द्रीय कमिटीको ११ औं महाधिवेशनबाट थममायाँ थापा, नरदेवी पुन र हरिकृष्ण श्रेष्ठ केन्द्रीय कमिटी सदस्यमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाइ ज्ञापन गर्दै सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सन्तोष रावल
नेकपा एमाले म्याग्दी

# साप्ताहिक राशीफल




## मिति :- २०८२/०९/१८ देखि २४ सम्म

**मेष** - Aries चु, चे, चो, ला, लि, लु, ले, लो, अ

पहिलो दिन खर्चिलो रहने, अर्थ अभाव देखा पर्न सक्छ। काम रोकिनाले दोहोर्याएर प्रयास गर्नुपर्ला। सोमवारदेखि शुभचिन्तकहरुको साथ-सहयोग जुट्नाले समस्याको समाधान हुनेछ। आफन्तसँगको सम्पर्कले मनमा आनन्द मिल्नेछ। भोजभतेरको निम्तो आउन सक्छ। रमाइलो भेटघाट र खानपानको आनन्द प्राप्त हुनेछ। टाढिएका साथीभाइ नजिकिनेछन्। नयाँ योजना बन्नेछन् भने नयाँ काम थालनी हुनेछ। कामकै सन्दर्भमा विशिष्ट व्यक्तिसँग मित्रता गाँसिनेछ। तर्कशक्ति बढ्नेछ भने रचनात्मक कामले पुरानो पद्धतिमा सुधार ल्याउन सकिनेछ। सप्ताहान्तमा व्यवसायले उचाइको मार्ग अवलम्बन गर्नेछ, मिहिनेत गर्नुहोला।

**वृष** - Taurus इ, उ, ए, ओ, बा, बि, बु, बे, बो

पहिलो दिन मनग्य लाभ उठाउन सकिनेछ। व्यापार बढ्नेछ भने उठ्नुपर्ने रकम पनि हातलागी हुनेछ। तर तत्काल धन बाहिरिनाले बचत भने नहुन सक्छ। मंगलवारसम्म अधिक खर्च हुनेछ। प्रयत्न गर्दा पुरानो कर्जा चुक्ता गर्न सकिनेछ। विदेश ताक्नेहरुलाई यात्राको प्रक्रिया अघि बढ्न सक्छ। आफन्तबाट टाढिनुपर्ने स्थिति आए पनि भविष्यको मार्गचित्र कोर्ने समय छ। बुधवारदेखि स्थिति अनुर्कल बन्नाले पहिलेजस्तै लाभ उठाउन सकिनेछ। प्रयत्न गर्दा नयाँ अवसरका साथै उपलब्धि समेत प्राप्त हुने समय छ। रमाइलो भेटघाटका बीच खानपानको आनन्द प्राप्त हुनेछ। पेसा-व्यवसायमा मनग्य लाभ उठाउन सकिनेछ।

**मिथुन** - Gemini का, कि, कु, घ, ङ, छ, के, को, ह

सुरूको समय उपलब्धिर्ममलक रहनेछ। नयाँनयाँ अवसर प्राप्त हुनेछन्। प्रतिष्ठित काम गरेर समाजमा स्थापित हुने समय छ। पुरूषार्थद्वारा उपलब्धि हातपार्ने मौका छ। केही विशिष्ट व्यक्तिहरु नजिकिन सक्छन्। पेसा-व्यवसायमा लाभांश बढ्नुका साथै दिगो काम प्रारम्भ गर्न सकिनेछ। तर उठेको रकम सञ्चय गर्न भने मुस्किलै पर्ला। केही रकम लगानीमा जानेछ र अधिक रकम अरुका लागि खर्चनुपर्ने परिस्थिति आउन सक्छ। बुधवार र बिहीवार आर्थिक अभाव अनुभंति हुनेछ। आशा देखाउनेहरुले समयमा सहयोग नगर्दा केही नोक्सानीसमेत हुन सक्छ। सप्ताहान्तमा परिवारजनको साथ-सहयोगले काम बन्नेछ।

**कर्कट** - Cancer हि, हु, हे, हो, डा, डि, डु, डे, डो

सुरूमा नयाँ अवसर प्राप्त हुनेछ। आफन्त र सहयोगी जुट्नाले सजिलै काम गर्न सकिनेछ। आँटले काममा सफलता दिलाउनेछ। बीचमा आयआर्जनका क्षेत्रमा केही वादविवाद आउन सक्छ। तापनि पछिका लागि काम गर्न सकिनेछ। मिहिनेतले राम्रै उपलब्धि हातपार्न सफल भइनेछ। बुधवार र बिहीवार फजुल खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ। अवसरका लागि केही दौडधुप गर्नुपर्ला। रकम जुटाउन केही समय लागे पनि यात्राको साइत जुर्न सक्छ। आर्थिक स्थिति अनुर्कल बन्नेछ। चिताएको काम बन्नुका साथै सुखद समाचार प्राप्त हुनेछ। सप्ताहान्तमा भने केही फजुल खर्च बढ्ने सम्भावना छ।

**सिंह** - Leo मा, मि, मु, मे, मो, टा, टि, टु, टे

पहिलो दिन स्वास्थ्य कमजोर रहन सक्छ, खानपान र विश्राममा ध्यान पुर्याउनुहोला। केही चुनौतीपंर्ण कामको बोझ उठाउनुपरे पनि साथीभाइको सहयोगले आर्थिक समस्या समाधान हुनेछ। सोमवारदेखि स्थिति अनुर्कल बन्नाले काममा जोसजाँगर बढ्नेछ। अध्ययन, धार्मिक कर्म र समाजसेवामा प्रवृत्त भइनेछ। पुराना कामको चर्चा हुनेछ भने उपलब्धिको स्रोत प्राप्त हुनेछ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। समस्या दर्साउँदा विशिष्ट व्यक्तिहरु नै सहयोगी बन्नेछन्। व्यापार-व्यवसायमा पनि फाइदा हुनेछ। सप्ताहान्तमा मनग्य आम्दानी हुनुका साथै अर्थसञ्चय हुनेछ।

**कन्या** - Virgo टो, प, पि, पु, ष, ण, ठ, पे, पो

पहिलो दिन रमाइलो गरी बित्नेछ। प्रियजनसँग भेटघाट हुनेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ। चिताएका काम बन्नाले प्रशस्तै धनलाभ हुनेछ। सोमवार र मंगलवार भने केही अप्ठ्यारा कामको बोझ थपिनाले नियमित काम रोकिन सक्छ। स्वास्थ्यका लागि खानपान र आराममा ध्यान पुर्याउनुहोला। बुधवारदेखि नयाँ काममा हातहाल्न सकिनेछ। धार्मिक तथा सामाजिक कर्ममा प्रवृत्त भइनेछ। सेवार्मलक कामले प्रतिष्ठा दिलाउनेछ। टाढिएका साथीभाइ नजिकिनेछन्। साथीभाइको सहयोगले सजिलै काम बन्नेछ। आफ्नो क्षेत्रमा नाम, दाम र प्रतिष्ठा कमाउन सफल भइनेछ। लगनशीलताले लक्ष्यमा पुर्याउन सक्छ।

**तुला** - Libra र, रि, रू, रे, रो, ता, ति, तु, ते

कर्मयोगले प्रतिद्वन्द्वीहरुलाई परास्त गर्न सफल भइनेछ। पेसा-व्यवसायमा राम्रो फाइदा हुनेछ। रोकिएका काम बन्नाले आर्थिक पक्ष पनि सबल बन्नेछ। दिगो काम सुरू गर्ने अवसर जुट्नेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। तर बुधवार र बिहीवार केही अप्ठ्यारा परिस्थिति आउन सक्छन्। व्यवहार बिग्रने र स्वास्थ्य पनि कमजोर बन्ने समय छ। समस्या पर्दा साथ दिनेहरु कमै भेटिएलान्। अप्ठ्यारो समयमा धैर्यसाथ काममा जुट्नुहोला। सप्ताहान्तमा परिस्थिति अनुर्कल बन्दै जानेछ। पुराना सहयोगीहरुले पुनः साथ दिनेछन्। समय लागे पनि पहिलेको साख जोगाउन सकिनेछ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन्।

**वृश्चिक** - Scorpio तो, ना, नि, नु, ने, नो, या, यि, यु

मिहिनेतले अवसर दिलाउनेछ। भौतिक साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। पेसा-व्यवसायमा लाभ हुनेछ भने मिहिनेतले राम्रै उपलब्धि दिलाउन सक्छ। शत्रु र रोगमाथि विजय प्राप्त हुनेछ। अवरोध हट्नेछन्। रोकिएका काम बन्नेछन् र नयाँ काम प्रारम्भ गर्न सकिनेछ। मिहिनेतले आम्दानीको दिगो स्रोत जुट्नेछ। व्यापार र उद्योगमा फाइदा हुनेछ। व्यवसायका लागि यात्रा गर्ने अवसर जुर्न सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन समेत कसिने समय छ। साताको अन्त्यमा भने अस्वस्थताका साथै काम बिग्रने डरले सताउन सक्छ, सजग रहनुहोला।

**धनु** - Sagittarius ये, यो, भ, भि, भु, ध, फा, ढ, भे

सुरूमा घरका समस्या सुल्झाउन जुट्नुपर्ने देखिन्छ। अरुको भरपर्दा काम रोकिन सक्छ, सजग रहनुहोला। सोमवारदेखि स्थिति अनुर्कल बन्नाले नयाँ काम सुरू गर्न सकिनेछ। आम्दानी बढ्नुका साथै दिगो काममा सम्झौता हुन सक्छ। भौतिक साधन जुट्नाले ठंलो योजनातर्फ अग्रसर भइनेछ। कामले अरुलाई आकर्षित गर्न सकिनेछ। अप्ठ्यारा चुनौतीहरुलाई पन्छाउने समय छ। रोकिएका धेरै काम बन्नेछन्। आम्दानीको दिगो स्रोत जुटाउन सफल भइनेछ। सप्ताहान्तमा यात्रा गर्ने साइत जुर्न सक्छ। मिल्ने साथी भेटिए पनि वादविवाद हुने समय छ। यसले सम्बन्ध कमजोर तुल्याउन सक्छ, व्यवहारमा सावधान रहनुहोला।

**मकर** - Capricorn भो, ज, जि, खि, खु, खे, खो, गा, गि

साता उत्साहवर्द्धक रहनेछ। मिहिनेतले नयाँ जिम्मेवारी तथा राम्रै उपलब्धि हातपार्न सकिनेछ। श्रम परे पनि हिम्मतले कार्य सम्पादन हुनेछ। सोमवार र मंगलवार परिवारमा असमझदारी बढ्नेछ। र, अरुको भरपर्दा काम बिग्रन सक्छ। बलभन्दा बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला। बुधवारदेखि स्थिति अनुर्कल बन्नेछ। रोकिएको काम पुनः प्रारम्भ हुनेछ। व्यापार तथा आयस्रोतमा सुधारका लक्षण देखिनेछन्। अध्ययनले उचाइको मार्ग अवलम्बन गर्नेछ। मिहिनेतले नाम, दाम र इनाम हातपार्न सकिनेछ। कार्यशैलीबाट धेरै प्रभावित हुनेछन्। प्रतिस्पर्धीहरुको मनोबल कमजोर हुनेछ। कर्मले शत्रुहरुसमेत नजिकिन सक्छन्।

**कुम्भ** - Aquarius गु, गे, गो, सा, सि, सु, से, सो, द

मिहिनेतीहरुलाई यो साता निकै लाभदायक रहनेछ। बोलीको भरमा काम सम्पादन गर्न सकिनेछ। लगनशीलताले सम्मानित स्थान प्राप्त हुनेछ। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ। जटिल चुनौती पन्छाउन सफल भइनेछ। कामले प्रतिष्ठा दिलाउनेछ। बुधवार र बिहीवार घर-परिवारमा असमझदारी बढ्न सक्छ। अवसरवादीहरुबाट सावधान रहनुहोला। आफन्त र साथीभाइको सहयोग जुटाउन सकिनेछ। अरुलाई प्रभावित पारेर लोकप्रियता हासिल गर्ने समय छ। सप्ताहान्तमा आँटले काम बन्नेछ भने मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। पेसा-व्यवसायमा पनि लाभ हुनेछ। विद्यार्थीहरुको विशेष प्रगति हुने समय रहनेछ।

**मीन** - Pisces दि, दु, थ, झ, ञ, दे, दो, च, चि

साताको प्रारम्भ विशेष उपलब्धिर्मलक रहनेछ। विभिन्न अवसर प्राप्त हुनेछन् भने आँटले काम लिने समय छ। तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरु पनि बढ्नेछन्। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठंलो काम बन्नेछ। बोलीकै भरमा पनि धेरै काम सम्पादन हुनेछन्। मित्रहरुको सहयोग जुट्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। शुभचिन्तकहरुको सञ्जाल फराकिलो हुनुका साथै बहुर्मल्य वस्तुहरु संकलन गर्न सफल भइनेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। सप्ताहान्तमा भने घरका समस्यामा अल्झनुपर्ने देखिन्छ। आफन्तसँग हुने कारोबारमा सजग रहनुहोला।

## विकल्पको ......

आरोप होइन, आधिकारिक तथ्य हो । राजधानी सहरमा यस्तो कमजोर कार्यसम्पादन हुनु नेतृत्व क्षमतामाथि गम्भीर प्रश्न उठाउने आधार हो । बालेन साहको जुन प्रकारको चर्चा गरिन्छ नि त्यसलाई यथार्थ तिर गएर हेर्ने हो भने यस्तो निकम्मा हुन् त भन्ने सम्मको प्रश्न उठाउनेको पनि कमि छैन ।

कुनै पनि काम गर्नका लागि योजना बनाइनु पर्छ र त्यो अत्यावश्यक नै हो । तर योजना धेरै, कार्यान्वयनमा कमजोर भयो भने पनि प्रश्न झन मजबुत भएर खडा हुने गर्दछ । स्मार्ट सिटी, ट्राफिक सुधार, शहरी पर्वाधार–यी सबै योजना चुनावी घोषणापत्रमा थिए । तर कार्यकाल सकिन लाग्दा पनि धेरै योजना कागजमै सीमित छन् । योजना बनाउनु सजिलो हुन्छ, संयन्त्र चलाउनु गाह्रो ।

बालेनले काठमाडौंको फोहोर ब्यवस्थापनमा निकै ठूलो दावेदारी गरेका थिए । उनले ३ अर्बको लागतमा पुरै काठमाडौंको फोहोर ब्यवस्थापन र पुनः प्रयोग गर्न सकिने दावेदारी पनि प्रस्तुत गरेका थिए । चुनावताका फोहोर ब्यवस्थापनका लागि ३ अर्ब रूपैयाँ जुटाउन सकिने दाबी गरियो । तर दीर्घकालीन समाधान अझै देखिँदैन । समस्या समाधान नभएपछि दाबी केवल भाषणको स्तरमै सीमित भएको देखिन्छ । काठमाडौं महानगरको वार्षिक बजेटको आकार हेर्दा तीन अर्ब जुटाउनु कुनै महान वा ठूलो नहुने बताउने बालेनले ३ वर्ष बिति सकेर अब महानगरबाट करिब बाहिरीने तारतम्य गरेको भए पनि त्यो काम जो आफैले भनेका थिए त्यता तिर भने लागेको देखिदैन ।

बालेनबाट आएको सिंहदरबार जलाउने अभिब्यक्ति अपरिपक्व राजनीतिक भाषा थियो । "सिंहदरबार जलाइदिन्छु" जस्ता अभिब्यक्तिले आक्रोशित युवालाई ताली दिलाउन सक्छ । तर सार्वजनिक पदमा बसेकाले यस्तो भाषा प्रयोग गर्नु गैर जिम्मेवार र खतरनाक हुन्छ । नेतृत्वको भाषा नै संस्कारको संकेत हो । त्यही उग्र आक्रोसर्पर्ण अभिक्तीले नै अहिलेको विध्वंश भएको मान्नेहरू पनि निकै छन र त्यसलाई सत्य मान्ने आधार पनि पाइन सक्ला ।

भदौ २३ र २४ गते भएको ध्वंस तथा आगलागी र दमकल विवादले पनि बालेनको बोली र ब्यवहारबीचको दूरी टाढा नदेखिएको मान्न सकिन्छ । सिंहदरबार क्षेत्रमा आगलागी हुँदा महानगरको दमकल नपठाइएको आरोपले एउटा प्रतीकात्मक प्रश्न उठायो बोलीमा आक्रामक देखिने नेतृत्व ब्यवहारमा किन कर्मजोर देखिन्छ? यसका उदाहरण खोज्न कहिकतै टाढा पुगीरहनै पर्दैन ।

विवाद र सामाजिक सञ्जालामा चर्चामा रहने अर्का पात्र हुन् कुलमान घिसिङ । उनी सफल प्रशासकको देखिएका भनिए पनि अब राजनीतिक परीक्षा भने पक्कै पनि चुनौतीपर्ण हुनेनै छ । लोडसेडिङ अन्त्य गर्नु कुलमान घिसिङको ठूलो उपलब्धि हो । तर प्रशासकको सफलता र राजनीतिज्ञको योग्यता एउटै हुँदैन । राजनीति पारदर्शिता, जवाफदेहिता र दीर्घकालीन निर्णयको खेल हो ।

कुलमानलाई धेरैले फरक तरीकाले चिन्ने गरेको यथार्थ हो । उनलार्य विद्युत् निर्यात सम्झौतामा मंल्य निर्धारणको प्रश्न उठाइएको छ । विद्युत् निर्यात गर्दा बजार प्रस्तावभन्दा कम मंल्यमा सम्झौता भएको आरोप गम्भीर छ । यदि यस्तो भएको हो भने, यो राष्ट्रिय स्रोतको अवर्मल्यन हो । यस्तो विषयमा स्पष्ट सार्वजनिक जानकारी र छानबिन अनिवार्य हुन्छ ।

त्यती मात्रै नभएर विद्युतीय सामग्रीको खरिद प्रक्रियामा समेत कहिँकतै अनियमितताको आशंका बिगतमा पनि गर्ने गरिएको थियो । आशंका गर्नु मात्रै दोशी त होइन तर पनि आशंका भयो भने त्यसमाथि उठेको प्रश्नका सत्य र सहि जवाफ दिनु भने पक्कै पनि पर्ने हुन्छ । विद्युत् उपकरण खरिदलगायतका प्रक्रियामा विगतदेखि नै अनियमितताको आशंका उठ्दै आएका छन् । आशंका मात्र भए पनि, नायक छविको आडमा यी प्रश्नलाई दबाउनु लोकतान्त्रिक अभ्यास होइन ।

फागुन २१ गतेका लागि तय भएको निर्वाचनमा समानुपातिक सँचीमा नातावादको गन्ध आएको अहिले भन्न थालिएको छ । बालेन रबी र कुलमान तीनै पात्रमाथि समानुपातिक सँचीमा नजिकका ब्यक्ति वा नातेदारलाई प्राथमिकता दिएको आरोप उठेको छ । यदि यो सत्य हो भने, यो पुराना दलहरुको सबैभन्दा बदनाम अभ्यासको पुनरावृत्ति हो । छिमेकी र ससुरालाई पनि बन्दसुचीमा समावेस गरेका भनिनु पक्कै पनि राम्रो होइन ।

कुनै पनि समयमा बिकल्प भन्न थालिनु पर्छ र हुन्छ पनि तर विकल्प भनेको अनुहार होइन, मापदण्ड हो भन्ने हेक्का सबैले राखिनु पर्छ । नयाँ अनुहार आएर पुरानै काम गर्ने हो भने, त्यो विकल्प होइन । विकल्प भनेको नयाँ मापदण्ड हो । जहाँ नातावाद, अपारदर्शिता र अहंकारलाई स्थान हुँदैन ।

तीन पात्र, तीन छवि, साझा कमजोरी देख्न सकिन्छ । बालेन, रवि र कुलमान फरक पृष्ठभूमिबाट आएका भए पनि साझा कमजोरी देखिन्छ– आलोचनाप्रति असहिष्णुता । प्रश्न सोध्नेहरुलाई पुरानाको एजेन्ट ठान्ने प्रवृत्ति लोकतन्त्रका लागि घातक हुन्छ ।

अहिलेको वर्तमान अवस्थामा यो समझदारी किन आवश्यक पर्यो भन्ने प्रश्न पनि उठेको छ । यदि सबै आ-आफ्नो क्षेत्रमा सफल थिए भने, यस्तो अनौपचारिक गठजोड किन चाहियो ? के यो नीति निर्माणका लागि हो, कि बढ्दो विवाद र संकट ब्यवस्थापनका लागि हो ? यदी सबै सफल थिए भने आफ्नो सफलतालाई जनतामाझ लगेर चुनावी मैदानमा होमीएको भए त्यही आफ्नै सफलताले निर्वाचनमा पनि सफल बनाउने थिए होला ।

अहिले पछिल्लो अवस्था हेर्दा ब्यक्ति-केन्द्रित राजनीति र संस्थाको उपेक्षा गरेको मान्न सकिन्छ । यो समझदारी ब्यक्ति-केन्द्रित देखिन्छ, संस्थागत होइन । ब्यक्ति कमजोर हुँदा संस्था पनि कमजोर हुन्छ । यही गल्ती नेपालले पटक-पटक दोहोर्याएको छ । यही अवस्थाले अब पनि केही गलत नै गर्न सक्छ भन्ने तर्फ सबैले हेक्का राख्न जरूरी छ । विगतमा भएका गल्तीले राम्रो भएको छैन भने अब पनि गल्तीले सही काम गर्छ भन्ने पक्कै पनि होइन । त्यसैले अबका दिनमा यस्ता गल्तीहरूलाई निस्तेज पार्न जनता आफै सचेत हुन पर्ने आवश्यकता हो ।

सामाजिक सञ्जालको हल्ला बिरूद्ध शासनको यथार्थ थाहा पाइनु पर्छ । भाइरल पोस्टले सरकार चल्दैन । शासन भनेको नीतिगत निरन्तरता, कानुनी प्रक्रिया र संयन्त्रको समन्वय हो । जसमा यी तीनै पात्र कमजोर देखिन्छन् । सामाजिक सञ्जालको हल्लाले चल्ने हो भने यीनीहरू जति धेरै केही पनि चल्ने देखिदैन । तर सामाजिक सञ्जाल भन्दा पनि यथार्थ धरातलमाा हुन पर्ने कार्यका लागि भने सबै सचेत हुन जरूरी पक्कै पनि छ नै ।

कुनै पनि शासकहरू सत्ता नजिकिँदा आदर्श हराउने खतरा हुन्छ । इतिहासले देखाएको छ सत्ता नजिकिँदै जाँदा आदर्श सम्झौतामा पर्छ । आजको विकल्प भोलिको यथास्थिति बन्ने खतरा यहीं छ । जुन प्रकारको आफ्नो चरित्र हो त्यसलाई बरकरार राख्नका लागि पनि सचेत हुन पर्ने हुन्छ । यदि त्यस्तो हुन सकेन भने बर्खे भेलको पारा नहोला भन्न सकिदैन ।

साँच्चिकै फरक हुन चाहन्छन् भने के गर्नुपर्छ होला त भन्ने तर्फ पनि सोचिनु पर्छ । सबै विवादमा स्पष्ट जवाफ, सार्वजनिक सम्पत्ति र निर्णयमा पंर्ण पारदर्शिता, र ब्यक्ति होइन संस्था बलियो बनाउने प्रतिबद्धता–यहींबाट फरक साबित हुन्छ ।

अन्त्यामा निष्कर्षः यो आशा पनि परीक्षणमै छ भन्ने नै हो । नेपालले विकल्प खोजिरहेको छ, तर आँखामा पट्टी बाँधेर होइन । बालेन साह, रवि लामिछाने र कुलमान घिसिङको यो सम्भावित गठजोड आशा हो कि भ्रम–यो अब उनीहरुको काम, जवाफ र आचरणले तय गर्नेछ । यदि परीक्षणमा असफल भए भने, इतिहासले यसलाई अर्को छुटेको अवसर भनेर मात्रै सम्झिनेछ । तर विगतको अभ्यास र यी तीन जनाको हाल सम्मको चारित्रीक कुराहरूले सम्भावना फेरी पनि सम्भावनामा मात्रै सिमित हुने खतरा छ । तर ठूलै कायापलट भयो र उनीहरूले बहुमत पनि ल्याउने र आर्फलाई पनि निकै मजबुत तबरले फेरेको खण्डमा देशले पनि मुहार फेर्ने भने पक्कै छ । होइन भने अब पनि पुनः पुराना भनिएका दलहरूकै भर पर्नुको बिकल्प छैन । चित्र र चरित्र सबैको उस्तै हुदैन र त्यसका लागि सबैले प्रयास गर्ने नै हो । चित्र जस्तै चरीत्र बनोस देशले मुहार फेर्न पाउनु पर्छ । आशा गरौं अहिले जनताले चाहेको पुरा हुने छ र पुरा होस ।

## स्वरोजगार......

बताउनुभयो । सोता क्षेत्रमा एकै पटक तीन वटा समूहले पिकनिक गर्न सक्ने पूर्वाधार तथा ठाउँ भएको र पिउने पानीको पनि राम्रो ब्यवस्था भएको हुनाले पनि धेरैको रोजाइमा सोता पर्ने गरेको बेनी नगरपालिका ४ का वडा अध्यक्ष अणबहादुर खड्काको भनाई छ ।

सामुदायिक पहल, स्थानीय रोजगारी र ब्यवस्थित पूर्वाधारका कारण सोताको पिकनिक स्पट सदरमुकाम बेनी नजिकै पर्ने यस क्षेत्रकै नमुना गन्तब्यका रुपमा लिन सकिने बेनी नगरपालिकाका प्रमुख सुरत केसीको भनाई ।

पिकनिकङ स्थल ब्यवस्थीत गर्ने र सोतालाई होमस्टेको अवधारणा अनुसार अगाडी बढाउने योजना भए पनि त्यो अनुरूप काम गर्न नसकिएको क्लब अध्यक्ष बलबहादुर रोकाको भनाई । त्यस क्षेत्रमा हाँस तथा खशी बाख्रा पालन गर्न र होमस्टेको अवधारणा लिएर अगाडी बढ्ने साथै स्थानीय जनशक्तिको उचित प्रयोग गर्ने तर्फ पनि सबैले ध्यान बढाएको उहाँको भनाई छ । होमस्टे भयो भने अघिल्लै दिन गएर बास बस्ने र भोलीपल्ट पिकनिक गरेर फर्कन मिल्ने भएकाले पनि त्यो तर्फ सबैले ध्यान दिएर अगाडी बढ्ने योजना बनाउन लागिएको क्लब अध्यक्षको भनाइ छ ।


हार्दिक शुभकामना







नेपाल कम्युनिष्ट पार्टी(एमाले)को केन्द्रीय कमिटीको ११ औं महाधिवेशनबाट थममाया थापा, नरदेवी पुन र हरिकृष्ण श्रेष्ठ केन्द्रीय कमिटी सदस्यमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाइ ज्ञापन गर्दै सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रमोद श्रेष्ठ

उपाध्यक्ष

नेकपा एमाले, म्याग्दी




**फोटो क्याप्सन :-** १)बेनी नगरपालिका ४ सिंगामा आयोजना भएको पञ्चेबाजा तालिमको क्रममा पाहुनालाई स्थानीय उत्पादन बन्दा प्रदान गरिदै । स्थानीय कृषकले उत्पादन गरेको बन्दा मायाँको चिनो स्वरुप कार्यक्रममा सहभागी पाहुनालाई उपलब्ध गराइएको थियो । *तस्बीर : म्याग्दी नेपाल*

# स्वास्थ्य सेवा पाउँदा उत्साहीत स्थानीय



ग्रामिण भेकमा रहेका असक्त तथा आफै स्वास्थ्य संस्था सम्म पुग्न नसक्ने नागरिकहरूको हितलाई मध्येनजर गर्दै स्वास्थ्य शिविर सम्पन्न गरिएको छ । बेनी नगरपालिका वडा नम्बर १ मा आयोजित स्वास्थ्य शिविर चरक मेमोरियल हस्पिटल प्रालि पोखरा, बेनी नगरपालिका १ नम्बर वडा कार्यालय, रत्नेचौर युवा क्लब, रत्नेचौर जागरण समुह, रत्नेचौर स्वास्थ्य चौकी र रत्नेचौर चेनतशिल आमा सर्मूहको संयोजनमा आयोजना गरिएको थियो । उक्त स्वास्थ्य शिविरमा रत्नेचौर तथा पर्वत एवम् बागलुङका नागरिकले समेत स्वास्थ्य सेवा लिएका थिए ।

रत्नेचौरका जेष्ठ नागरिक टेकबहादुर खत्रीले आर्फ हस्पीटल सम्म पुग्न अलिक गाह्रो हुने भएको अवस्थामा गाउँमै स्वास्थ्य शिविर आयोजना गरेर नागरिकलाई सेवा दिएकोमा खुशी ब्यक्त गर्नुभयो । उहाँले आयोजक सबैलाई धन्यवाद दिँदै यस्ता कार्यक्रमहरू सबैले आफ्नो क्षेत्रमा गर्ने हो भने असक्तहरूका लागि निकै सजिलो र सहज हुने धारणा राख्नु भयो ।

रत्नेचौरमा आयोजना गरिएको स्वास्थ्य सिविरमा ल्याब सेवा १०१ जनाले लिनु भएको थियो । त्यसैगरी एक सय नौ जनाले स्त्री तथा प्रसुती रोग सेवा लिनु भएको वडा अध्यक्ष टेकबहादुर थापाले जानाकारी दिनुभयो । त्यसैगरी शिविरमा इसिजि सेवा एक सय ६० जनाले, जनरल सेवा एक सय ८८ जनाले र युएसजी सेवा एक सय छ जनाले लिएको वडा अध्यक्ष थापाले बताउनु भयोव ।

शिविरमा एक सय नौ जनाले प्रशुती तथा स्त्री रोग सम्बन्धी चेकजाँच गाउने क्रममा एक जनामा पाठेघरको मुखको क्यान्सरको आसंका गरिएको रूमा कुमारी खत्रीले जानकारी दिनुभयो । स्वास्थ्य शिविरमा सेवा लिन पुगेकी एक जना महिलामा संकास्पद भेटिए पछि थप उपचारका लागि रिफर गरिएको छ । पाठेघरको मुखको क्यान्सर महिलाको लागि निकै जाखिम समस्या भएकोले उक्त रोगका बारेमा समयमै सचेत नहुने हो भने ज्यानै जान सक्ने सम्मको समस्या हुने भन्दै स्त्री तथा प्रशुती रोग बिशेषज्ञ डा.रूपा पनेरूले सहजीकरण समेत गर्ने गर्नुभएको थियो । आफ्नो यौनाङ्ग तथा स्वास्थ्यका बारेमा महिला आफै सचेत हुनु पर्ने र समय समयमा स्वास्थ्य परीक्षणलाईपनि ध्यान दिनु र्पे उहाँको भनाई थियो ।

शिविरमा रेडियोलोजिष्ट ओमकुमार श्रेष्ठ, मुटु बिशेषत्त साहेबकुमार जैसवाल फिजिसियन सुरज बराल स्त्रीरोग बिशेषज्ञ रूपा पनेरू र हाड जोर्नि तथा नसारोग बिशेषज्ञ डाक्टर मनोजकुमार तिवारीले स्वास्थ्य परीक्षण गर्नु भएको थियो ।

स्थानियको रोग पहिचान र सेवा प्रवाहका लागि चरक मेमोरियल अस्पताल सँग सहकार्य गरेर शिविर आयोजना गरिएको थियो ।

स्वास्थ्य शिविरमा जनरल मेडिसियन, प्रसुती तथा स्त्रीरोग सेवा, हाडजोर्नी तथा नसा रोग सेवा, फार्मेसि सेवा अन्तरगत चिकित्सकले सिफारिस गरेको औषधि उपलब्ध गराउनुका साथै मुटु रोग सेवा, रेडियोलोजी सेवा र प्रयोगशाला सेवा प्रदान गर्गिरिएको थियो । भिडियो एक्सरे र इसिजि तथा मधुमेह तथा पिसाबको जाँच समेत शिविरमै गरिएको थियो ।










लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशक: अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्क: ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादक: तुलसी सुवेदी